# पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाको कार्यकारी सारांश

१. भू उपयोगिता

| सि.नं. | भूउपयोग | क्षेत्रफल हे. | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | १३३९८७.१८ | ५४.८१ |
| २ | निकुञ्ज क्षेत्र (मध्यवर्ती सहित) | २५६९५.८२ | १०.५१ |
| ३ | कृषि क्षेत्र | ६१,४८९ | २५.२ |
| ४ | झाडी र चरन क्षेत्र | ४९६८ | २.०३ |
| ५ | नदी, नाला, ताल | १६,५८३ | ६.७ |
| ६ | बालुवा, बगर | १२७ | ०.१ |
| ७ | औद्योगिक क्षेत्र | १,६०७ | ०.७ |
| | जम्मा क्षेत्रफल | २४४,६६७.५ | १००.०० |

२. जिल्लाको वनजंगलको किसिम र क्षेत्रफलः भित्री मधेष तथा चुरीया वन र महाभारत क्षेत्रको वन ।

चुरीया तथा भित्री मधेसको साल वन ५९.०५%

पहाडी सालको मिश्रित वन ७.२४ %

खोटे सल्ला र चौडापाते मिश्रित वन २८.८२%

गोब्रे सल्ला, खस्रु र गुराँसको मिश्रित वन ३.०२%

माथिल्लो पहाडको खस्रु वन ०.१० %

तल्लो टेम्पेरेट खस्रु वन १.७७ %

३. संकलन हुने. काष्ठ तथा गैरकाष्ठ वन पैदावारको परिमाण (पांचवर्ष अवधि) (सरकारद्वारा व्यवस्थित वन तथा सामुदायिक वन)

- काठः ५००८५.०८ घ.मि.
- दाउराः ५९६२६२.१४ घ.मि (४१९७६.८५चट्टा)
- ढुङ्गा गिट्टी वालुवाः ४०२५००० क्यू.फि
- खोटोः १००००० किलो

४. जिल्लाको वार्षिक वन पैदावारको माग र आपूर्तिको स्थिति

| वन पैदावारको किसिम | माग | आपूर्ती | | कैफियत |
|---|---|---|---|---|
| | | सा.ब. | अन्य | अन्य श्रोत भन्नाले राष्ट्रिय, निजी तथा कृषी वनलाई जनाउछ। |
| काठ (क्यू.फि) | ३०७४४३.४९ | ३१२५९८.९८ | ४०००० | |
| दाउरा (क्यू.फि) | ४०१६२९१.८४ | ३२५३०४२.५२ | ९४४६४३ | |

५ सामुदायिक वन

- हस्तान्तरित सामुदायिक वनको संख्या तथा क्षेत्रफल: ३८७ वटा, ६९११०.६०हे.।
- लाभान्वित घरधुरी: ६३६४१घरधुरी

६. जिल्लाको औषत संचिति घ.मि. ⁄हे.(GrowingStock):

| | सामुदायीक वन | सरकार द्वारा व्यवस्थतीत वन |
|---|---|---|
| **चुरे तथा भित्रि मधेष** | | |
| साल | 85.96 | 89.8 |
| अस्ना | 14.65 | 15.6 |
| अन्य | 18.95 | 19.0 |
| | **119.56** | **124.4** |
| **महाभारत तल्लो वन** | | |
| साल | 39.76 | 20.22 |
| रानी सल्लो | 47.14 | 33.94 |
| चिलाउने | 16.16 | 13 |
| अन्य | 12.4 | 10 |
| | **115.46** | **77.16** |
| **महाभारत माथिल्लो वन** | | |
| गोव्रे सल्ला | 69 | 49.55 |
| खस्रु तथा अन्य | 11.4 | 10.22 |
| **जम्मा** | **80.4** | **59.77** |
| **औषत मौज्दात** | 105.14 | **87.11** |
| **कूल वृद्दि मौज्दात** | **7256613** | **5481810.52** |

७. वन अतिक्रमण भएको क्षेत्रफल : ४३५४.२७हेक्टर

८. गरिव तथा व्यवसायिक प्रयोजनका लागि हस्तान्तरण भएको कबुलियती वन संख्या र क्षेत्रफल: ४६४ वटा, २१९४.५९ हे.

९. निजी वनको संख्या र क्षेत्रफल: २२१ वटा, १०७.७४ हे.

१०. सम्भावित संरक्षित वनको नाम, विशेषता र क्षेत्रफल : नभएको

११ सम्भावित साझेदारी वनको नाम, समूह संख्या र क्षेत्रफल: छैन ।

१२. <u>भौतिक पूर्वाधारको विवरण</u>

निर्मित भवनको संख्या र अवस्था

| सि.नं | विवरण | श्रोत | अवस्था | कम्पाउण्डवाल | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला वन कार्यालय भवन नं १ | | चालु | भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | जिल्ला वन कार्यालय भवन नं २ | | चालु | भएको | |
| ३ | जि.व.अ. निवास | | चालु | भएको | |
| ४ | जि.व.का., स.व.अ. निवास | | चालु | भएको | |
| ५ | जि.व.का. र स.व.र. निवास | | चालु | भएको | |
| ६ | मनहरी इ.व.का. | नार्मसाप | चालु | तारवार | |
| ७ | मनहरी ई.व.का. र स.व.अ.निवास | ,, | चालु | तारवार | |
| ८ | सामुदायिक तालिम हल | सा.व.उ.स. हरु | चालु | तारवार | |
| ९ | मनहरी रे.पो. | नार्मसाप | चालु | तारवार | |
| १० | हेटौडा रे.पो. | ,, | चालु | तारवार | |
| ११ | हेटौडा रे.पो.को काठ घर | | चालु | तारवार | |
| १२ | मनहरी चेकपोष्ट छाप्रो | | चालु | तारवार | |
| १३ | गढी रे.पो. | नार्मसाप | चालु | तारवार | |
| १४ | हर्नामाडी रे.पो.,हटिया | वार्षिक वजेट | चालु | तारवार | |
| १५ | पालुङ्ग रे.पो., झंकेश्वरी | | चालु | तारवार | |
| १६ | बसामाडी रे.पो. सान्नीटार | वार्षिक वजेट | चालु | तारवार | |
| १७ | स.व.र. क्याम्प शिशौघारी | | चालु | नभएको | |
| १८ | फापरवारी ई.व.का., फुर्केचौर | शान्ती कोष | चालु | | |

- सवारी साधनको संख्या र अवस्थाः जम्मा ८ वटा ५ वटा चालु,२ वटा मर्मत गुर्न पर्ने, १ वटा लिलाम गर्नु पर्ने ।

१३. आयोजनागत बजेट, हजारमा (पांचवर्ष अवधि)

- कुल कार्यक्रम खर्चः रु. २५०३०१/-
- कुल प्रशासनिक खर्चः रु.२५०३७/-
- जम्मा खर्चः रु. २७५३३८/-

१४. श्रृजना हुने रोजगारी (श्रमदिन) तथा राजश्व

- काठ, दाउरा, जडिवुटि र खोटोबाट राजश्वः रु. २,८७,२४,७००।-
- रोजगारी प्रतिवर्ष श्रमदिन ४८७३०४, पाँच वर्षमा श्रृजना हुने श्रमदिन 2436523

१५ वृक्षारोपण

- हालसम्म वृक्षारोपण भएको क्षेत्रफलः करिब ९७८ हे.
- आगामी पांचवर्षमा वृक्षारोपण हुनसक्ने क्षेत्रफलः करिब ४०० हे.

# मकवानपुर जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना

अवधिः २०७०/०७१ देखी २०७४/०७५

## परिचय

मकवानपुर जिल्लामा भएको राष्ट्रिय वनको संरक्षण, सम्वर्द्धन तथा विकास कार्यक्रमहरु सुचारु रुपले संचालन गर्न र वन जङ्गलमा हुने अवैध चोरी निकासी तथा वन अतिक्रमणबाट हुने वन विनाश कार्यलाई रोकथाम र नियन्त्रण गरी स्थानीय बासिन्दाहरुको वन पैदावारको आवश्यकता सतत् रुपमा परिपूर्ति गरी सामाजिक तथा आर्थिक विकास गर्न र स्वस्थ वातावरण प्रवर्द्धनका लागि वन ऐन, २०४९ को दफा २० र वन  नियमावली, २०५१ नियम (१) को उप-नियम (घ) ले निर्दिष्ट गरेको ढाँचामा सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन गर्न एक आवधिक कार्ययोजना तयार गरी विभागिय स्वीकृती हुनु पर्ने व्यवस्था रहेको छ । सो अनुरुप आ.व. ०६५/०६६ देखि ०६९/०७० अवधिको लागि तयार गरिएको पञ्चवर्षिय कार्ययाोजनाको आधारमा कार्य सञ्चालन गरिदै आएकोमा सो कार्ययोजनाको समयावधि समाप्त भएकोले पूनः पञ्चवर्षिय कार्ययोजनाको रुपमा यो कार्ययोजना तयार गरिएको छ । यो कार्य योजना तयार गर्ने कार्यसँगै वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ मा भएको व्यवस्था अनुसार कार्य योजना स्विकृतीका लागि आवश्यक प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन समेत तयार गएिको छ ।

यस पञ्च बर्षिय योजना वन नीति, सम्बन्धित ऐन, नियम, निर्देशिका, विभिन्न सर्न्दभ ग्रन्थहरु, लेख रचना, जिल्लाको नक्सा, पुरानो कार्ययोजनाहरु तथा विभिन्न कार्यालयहरुबाट प्राप्त भएका तथ्याङ्कहरुको अध्ययन र स्थलगत भ्रमणबाट प्राप्त भएका तथ्याङ्कहरु समेतको अध्ययन, विश्लेषण गरी तयार गरिएको छ । यो कार्य योजना कार्यालयमा रहेका वर्तमान जनशक्ति, स्थानीय जन समुदाय, वन उपभोक्ता समूहहरु समेतको सहयोगमा जिल्ला वन कार्यालयले तयार गरेको हो । यो तयार गर्न  विकासका लागि वातावरण नामक संस्थाको प्राविधिक सहयोग गरेको छ । यो योजनाले वनको वैज्ञानिक व्यवस्थापन मार्फत वनको हैसियतमा सुधार ल्याउने, वनको उत्पादकत्वमा बृद्धि गर्ने र यसरी उत्पादित वन पैदावारहरुको समुचित तथा व्यवस्थित सदुपयोगमा टेवा पुऱ्याउने लक्ष राखिएको छ । यस जिल्लाको अधिकाँस भू-भाग पहाडी क्षेत्रमा पर्ने भएको तथा वन र वस्तीहरु छरिएर रहेको हुँदा सामुदायिक वन, कबुलियती वन र निजी वन कार्यक्रमलाई यस योजनामा प्राथमिकता दिईएको छ । यस योजनाको कार्यान्वयनबाट वन क्षेत्रसँग गाँसिएका सबै समुदाय, वर्ग, लिङ्गहरु समेत प्रत्यक्ष रुपमा लाभान्वित हुने अपेक्षा गरिएको छ ।

## कार्य योजनाको लक्ष

वनको सहभागितामूलक वैज्ञानिक व्यवस्थापन गरी वन पैदावारको दिगो तथा सततः उत्पादन र आपूर्ति गरी स्थानीय आवश्यकताको सहज परिपूर्ति साथै वन श्रोतको बिक्रि वितरणबाट राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु यस कार्य योजनाको मुल लक्ष्य रहेको छ ।

**कार्य योजनाको उद्देश्य**

माथि उल्लेखित लक्ष हासिल गर्नका लागि देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएका छन् :

- ✧ स्थानीय समुदायको माग र क्षमता अनुसार ती समुदायका सबै वर्ग, लिङ्ग, जातीहरुको सहभागितामा वन व्यवस्थापन गरि गरिवी न्यूनिकरणमा टेवा पुऱ्याउनु ।
- ✧ सामुदायिक वनको दिगो व्यवस्थापन मार्फत वन क्षेत्रको उत्पादकत्व बृद्धि गरी स्थानीय आवश्यकताको परिपूर्तीमा जोड दिदै बाँकी रहेका वन पैदावारहरुको बिक्रिबाट समूहको आयआर्जनमा बृद्धि गर्ने ।
- ✧ जिल्लाका सबै खाले वन क्षेत्रको व्यवस्थापन गरी पारिस्थितिकिय प्रणालीको साथै जैविक विविधताको संरक्षणमा टेवा पुऱ्याउने ।
- ✧ स्थानीय वन पैदावारमा आधारित उद्यमहरुलाई बढावा दिन आवश्यक कच्चा पदार्थ सहज रुपमा आपूर्ति गरि रोजगारी तथा आर्थिक उपार्जनमा मद्दत पुऱ्याउने ।
- ✧ जलवायु परिवर्तनका कारणले उत्पन्न हुन सक्ने संभावित जोखिमको आँकलन गरी आवश्यक र उपयुक्त अनुकूलन एवम् जोखिम व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने ।

**कार्ययोजनाको अवधि** :
यस वन व्यवस्थापन कार्य योजनाको अवधि आर्थिक बर्ष २०७०।७१ देखि २०७४।७५ सम्म ५ बर्षको हुनेछ ।

**कार्ययोजनाको कार्यान्वयवनको लागि आवश्यक पर्ने बजेटतथा स्रोतहरु**

यो कार्ययोजना कार्यन्वयनको लागी आवस्यक पर्ने कूल वजेट रु २७,५३,३८,०००÷–रहेको छ । यसको श्रोतहरुको हकमा नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयवाट संचालती वार्षिक स्वीकृत कार्यक्रममा प्राप्त वजेट हुनेछ । त्यसको अलावा स्थानिय निकाय, जिल्ला विकास समिती तथा स्थानीय अन्य वन क्षेत्रका सहयोगी निकाय हरु, सामुदायीक वन उपभोक्ता संग सहकार्यमा सञ्चालन गरिने कार्यक्रममा ती सहयोगी र सरोकारवाला संस्थाहरु हुनेछन ।

**अपेक्षित उपलब्धि**

यो प्रस्तुत पञ्चवर्षिय कार्य योजना लागु भएपछि आगामी पांच वर्षभित्र वनको हैसियतमा समग्र रुपमा सुधार हुनुको साथै वन पैदावारको मांग र आपूर्तिमा सहज हुने, सामाजिक-आर्थिक पक्षमा सुधार हुने, वातावरणीय सन्तुलन कायम राख्न तथा समग्र रुपमा गरीबी घटाउने राष्ट्रिय अभियानमा सकारात्मक सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसको साथै निम्न बमोजिम विशेष उपलब्धि हासिल हुनेछ ।

- वन क्षेत्रको हैसियतमा अभिवृद्धि भै वन पैदावारको आपूर्ति न्यायोचित तवरबाट भै वातावरणीय तथा आर्थिक समृद्धिमा योगदान दिनेछ ।

- कम्तिमा ९ गोटा सामुदायिक वनहरुमा दिगो तथा वैज्ञानिक वन व्यवस्थापन पद्धतिबाट वन व्यवस्थापन हुने छ ।
- वातावरणीय दृष्टिकोणबाट सम्बेदनशिल वन क्षेत्रको पुनर्स्थापना तथा हैसियतमा वृद्धि भई वातावरणीय सेवामा टेवा पुग्ने ।
- कवुलियती वन उपभोक्ता समूहलाई समयानुकुल सिप तथा तालिम उपलब्ध गराई कवुलियती वन मार्फत वन सैसियतमा सुधार ल्याउदै जिविकोपार्जनमा सुधार ल्याईनेछ ।
- व्यवसायिक महत्वका गैरकाष्ठ वन पैदावारहरुको प्रवर्द्धन भई स्थानीयस्तरमा समुदाय र नीजि क्षेत्रको संलग्नतामा उद्यम स्थापना हुने ।
- स्थानीय वन उपभोक्ता समूह तथा सेवाग्राहीहरुमा प्रवाह हुने सेवा प्रभावकारी र सहज तरिकाले प्रदान हुने, कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि कर्मचारीहरु तथा स्थानीय समुदायहरुको उत्प्रेरणामा वृद्धि हुने ।
- नयाँ अतिक्रमण लगभग नियन्त्रण हुनेछ भने पुरानो अतिक्रमण व्यवस्थापन गरिनेछ भने वन डडेलो नियन्त्रण, चोरी निकासी नियन्त्रण भई सरकारद्वारा व्यवस्थित र अन्य वन क्षेत्रको वनको हैसियतमा सुधार आएको हुनेछ ।
- वन्यजन्तुको चोरी शिकारीमा कमी आइ वन्यजन्तुको संरक्षण हुनेछ । जिल्ला वन कार्यलयमा एउटा व्यवस्थित वन्यजन्तु उद्दार केन्द्रको स्थापना हुनेछ ।
- वन क्षेत्रमा रहेका गैह्रकाष्ठ वन पैदावार प्रजातीहरुको पहिचान, संरक्षण, सदुपयोग र खेती विस्तार भई स्थानीय वासिन्दाका लागि आय आर्जनमा मद्दत पुग्नुका साथै राजश्वमा बृद्दि हुनेछ । यो जिल्ला कुरीलो खेतीको लागी अग्रणी जिल्लाको रुपमा स्थापीत हुनेछ भने लोठसल्लाको विरुवा उत्पादन तथा निजी जग्गामा खेती विस्तार हुनेछ ।
- वन क्षेत्रको पुनरोत्तपादनमा मुख्य वाधकको रुपमा रहेको खुला चरिचरणलाई निश्तेज पारी थप ३ वटा गा.वि.स.हरु खुला चरिचरण मुक्त गा.वि.स. हुनेछन ।

**कार्ययोजनाको सिमितताहरुको सारांस**

**कार्ययोजना निर्माणको लागि सिमितताहरु तपसिल वमोजिमको रहेको छ ।**

- अध्ययनको क्रममा आवश्यकता अनुसारको वजेटको अभाव ले गर्दा सबै गा.वि.स. क्षेत्रहरुमा पाईने वन पैदावार, जीवजन्तु, पंक्षी तथा किटपतङ्गहरु लयायतका स्रोतहरुको अनुगमन तथा सर्वेक्षण गर्न नसकिएको ।
- यस आ.व.मा नि.से.नि.मा परिमार्जन भई जिल्लाको धेरै जसो कर्मचारीहरु सरुवा भई नयाँ कर्मचारीहरुको आवात जावत ।
- सरुवा भई आएका नयाँ कर्मचारीहरुमा स्थानिय अनुभवको कमी ।
- समयमा नै वजेट निकासा तथा अख्तियारी प्राप्त हुन नआएको ।
- स्थानिय स्तरमा सम्वन्धित विभिन्न निकायका ऐन, नियम, निति, निर्देशिका ( स्थानिय स्वायत्त शासन ऐन तथा नियमावली आदि) मा सामञ्जस्यताको कमी ।

## संक्षिप्त शब्दावली (Glossary of terms)वर्णानुक्रम अनुसार

### संक्षिप्त शब्दावली (Acronyms)

| | |
|---|---|
| आ. व. | आर्थिक वर्ष |
| के. जी. | किलो ग्राम |
| गा. वि. स. | गाउँ विकास समिति |
| घ. मि. | घन मिटर |
| जि. व. अ. | जिल्ला वन अधिकृत |
| स.व.अ. | सहायक वन अधिकृत |
| जि. व. का. | जिल्ला वन कार्यालय |
| ई.व.का. | ईलाका वन कार्यालय |
| जि. वि. स. | जिल्ला विकास समिति |
| जि. भू. सं. का. | जिल्ला भू-संरक्षण कार्यालय |
| जि. स्वा. का. | जिल्ला स्वास्थ कार्यालय |
| वि. स. | विक्रम सम्बत |
| मे. टन | मेट्रिक टन |
| मि. | मिटर |
| मि. मी. | मिलिमिटर |
| से. मी. | सेन्टीमिटर |
| रा. वा. प्र. मू. नि. | राष्ट्रिय वातावरण प्रभाव मूल्यांकन निर्देशिका |
| रे. पो. | रेन्ज पोष्ट |
| प्रा. वा. प. | प्रारम्भिक वातावरणीय परीक्षण |
| हे. | हेक्टर |
| CITES | Convention on International Trade in the Endangered Species of Wild Fauna and Flora |
| $Co_2$ | Carbondioxide |
| IEE | Initial Environmental Examination |
| IUCN | International Union for the Conservation of Nature and Natural Resources |
| D | Diameter |
| Vol | Volume |

## वनक्षेत्रका योजनाहरुको समिक्षा र पुनरावलोकन

### आवधिक वन योजना

मकवानपुर जिल्लामा वन व्यवस्थापनको लागि आवधिक योजनाहरु निर्माण र त्यसको कार्यान्वयनको क्रम आ.व. २०४५/४६ मा जिल्ला वन कार्यालयले ५ वर्षे कार्ययोजना ( आ.व.२०४५/४६ देखि २०४९/५०) तयार गरी शुरु गरेको देखिन्छ । वि.सं. २०५२/५३ देखि २०५६/५७ साल (१९९५/९६ देखि १९९९/२००० सम्म)को लागि ५ वर्षे योजना वन अनुसंधान तथा सर्भे केन्द्रको प्राविधिक सहयोगमा पारिएको थियो । यसै गरी २०५६/५७ देखि २०६०/६१ (सन् १९९९/२००० देखि २००३/०४ सम्म) अवधिको ५ वर्षे वन कार्ययोजना जिल्ला वन कार्यालयले तयार गरेको थियो । २०६०/६१ देखि २०६४/६५ (२००३/०४ देखि २००७/०८) साल सम्मको लागि अर्को ५ वर्षे आवधिक वन व्यवस्थापन संचालन योजना (Operational Forest Management Scheme) जिल्ला वन कार्यालय मकवानपुरले बनाएको थियो । त्यसैगरी गत वर्ष अवधि समाप्त भएको पंचवर्षिय कार्ययोजना ( आ.व.२०६५।६६ देखि २०६९।७०) जिल्ला वन कार्यालयले तयार गरी कार्यान्वयनमा ल्याएको थियो ।

उक्त कार्ययोजनाले, वन पैदावारको दिगो तथा सततः उत्पादन र आपूर्ति गरी स्थानीय आवश्यकताको सहज परिपूर्ति साथै वन श्रोतको बिक्रि वितरणबाट राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउनका लागि सहभागितामूलक वैज्ञानिक व्यवस्थापन गर्नु यस कार्य योजनाको मुल लक्ष राखेको देखिन्छ । उक्त लक्ष्य पूरागर्नको लागी विभिन्न २२ उद्धेश्यहरु २३ वटा  कार्यनिति तय गरेको देखिन्छ ।

यो कार्ययोजना कार्यन्वयनको पाँचवर्षमा कार्ययोजनाले तय गरेको उद्धेश्य अनुरुप सामुदायीक वन हस्तान्तरण, व्यवस्थापन र वनपैदावारको सदुपयोग, कवुलियती वन हस्तान्तरण र व्यवस्थापन, चोरी निकासी नियन्त्रण, वन डढेलोको व्यवस्थापन, चुरे क्षेत्रको संरक्षण व्यवस्थापन लगायतका वन व्यवस्थापनमा महत्वपूर्ण उपलब्धिहरु हासील गरेको देखिन्छ ।

गत पञ्चवर्षिय कार्ययोजना कार्यन्वयनका उपलब्धिलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न सकिन्छ :

**सामुदायिक वन हस्तान्तण:** सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न सकिने भनि पहिचान भएका वन क्षेत्रको व्यवस्थापन जन सहभागिता मार्फत गर्ने क्रममा सर्ब प्रथम २०४७ साल फाल्गुन १५ गते चुच्चेखोला सामुदायिक वन, हेटौंडा-६ को हस्तान्तरण भएको हो । यस पश्चात उक्त कार्यले यस जिल्लामा ठूलो फड्को मारिसकेको छ । आ.व. २०६३/६४ को अन्त्य सम्ममा ३०३ वटा सा.व ५०७९६.७४ हेक्टर वन समूहलाई हस्तान्तरण गरीएकोमा यस पञ्चबर्षीय कार्ययोजनाको समाप्ती सँगै ३८७वटा सामुदाकिय वनको ६९११०.६०हे.स्थानीय समुदायलाई हस्तान्तरण गरि सकिएको छ जसबाट ६३६४१घरधुरी प्रत्यक्ष लाभान्भित भएका छन् ।

**कवुलीयती वनको हस्तान्तरण:**मकवानपुर जिल्लामा कबुलियती वन हस्तान्तरणको शुरुवात आ.व. २०५०/०५१ देखि भएको हो । त्यस पश्चात उक्त कार्यक्रमले निरन्तरता पाई आ.व. २०६३/६४ को अन्त्य सम्ममा गरिबी रेखामुनिका ३१२ कबुलियती वन समूह गठन भई ती समूहहरुका लागि कबुलियती वनको रुपमा १३३३.६९ हेक्टर वन क्षेत्र सुम्पिएको थियो जसबाट १९४८ परिवारका १२६४९ जनसंख्या प्रत्यक्ष रुपमा लाभान्वित भएका थियो । तर हालसम्म आईपुग्दा गरिवीको रेखामुनिका कबुलियती वन सं ४६४ कबुलियती वन उपभोक्ता समूह दर्ता भई २१९४.५९ हेक्टर वन क्षेत्रलाई कबुलियती वनको रुपमा हस्तान्तरण गरिएको छ । जसबाट ३१९१ घरधुरीका करीब १९१४६ जनसंख्या प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

**चोरी निकासी नियन्त्रण र वन्यजन्तु संरक्षण:**चोरी निकासी नियन्त्रणका लागि जिल्ला वन कार्यालय आफ्नो श्रोत साधनले भ्याए सम्म सम्बन्धित सरोकारवालाहरु सँग सहकार्य गर्दै कार्य गर्दै आईरहेको छ

। वन क्षेत्रवाट हुने वन पैदावार चोरी निकासीलाई नियन्त्रण र दुरुत्साहित गर्न टुर गस्ती गर्ने, वन अपराध सम्बन्धी मुद्दा दायर गर्ने लगायतका संरक्षणका कार्यक्रमहरु संचालन हुँदै आएको देखिन्छ । वन क्षेत्रको अतिक्रमण ,वन पैदावार चोरी निकासी नियन्त्रणका लागि जिल्ला वन कार्यालय, मकवानपुरको वन क्षेत्र सुरक्षा योजना २०७० लागू गरी कार्यान्वयनमा ल्याएको छ । जसले समग्र वनको सुरक्षाका लागि विभिन्न १७ वटा रणनीतिहरु अंगिकार गरेको छ र चोरी निकासी हुने प्रमुख नाकाहरु समेत पहिचान गरेको छ । त्यस्तै वन्यजन्तु व्यवस्थापनका लागि जिल्ला वन कार्यालयको परिसरमा वन्यजन्तु उद्दार गृह निर्माण गरिएको छ ।

**वन अतिक्रमणः** बढ्दो जनसंख्या, कृषी योग्य जमिनको वढ्दो आवश्यकता तथा विभिन्न विकासका आयोजनाहरुको वन क्षेत्रको जग्गाको मागले गर्दा यस जिल्लामा वन अतिक्रमण नियन्त्रणका लागि भरपूर प्रयास गर्दा गर्दै पनि वन अतिक्रमणको समस्या वढ्दो मात्रामा छ । आ.व.०६३।०४ मा जम्मा **२३३८-११-१५**

विगाहा वन क्षेत्रको जग्गा अतिक्रमण भएकोमा आ.व.०६९।७० सम्ममा ४३५४.२७ हे वन क्षेत्र अतिक्रमण भएको रेकर्डबाट देखिन्छ । हाल वन क्षेत्रको अतिक्रमण नियन्त्रण रणनीति २०६८ बमोजिम मकवानपुर जिल्लाको वन अतिक्रमण नियन्त्रणका लागि जिल्ला अतिक्रमण नियन्त्रण कार्ययोजना तयार हुने क्रममा रहेको छ ।

**वृक्षारोपणः**मकवानपुर जिल्लामा जम्मा ९७८ हे वन क्षेत्र वृक्षारोपण भई सकेको छ । यसरी वृक्षारोपण हुन मुख्य प्रजातीमा अमृसो, सिरिस, खयर, नेपियर,तेजपात पर्दछन्। अघिल्लो कार्ययोजनाको अवधिभर १६१ हे वन क्षेत्र वृक्षारोपण भएको छ ।

**वन पैदावारको सदुपयोग (काठ दाउरा, ढुगा गिटी वालुवा,जडिबुटी)ः** मकवापुर जिल्लाले वन पैदावारको लागि अन्य बाह्य जिल्लाहरुबाट अश्रित हुनु पर्ने अवस्था देखिदैन । गत पञ्चवर्षिय योजनाको अवधिभर विभिन्न सामुदायिक वनहरुबाट ७८५४४३.२९क्यू.फि. काठ र ७३०.७१चट्टा दाउरा विक्रि वितरण भएको देखिन्छ त्यस्तै निजी वनहरुबाट २१८७४६.६२ क्यू फि .काठ११२९.८३ चट्टा दाउरा विक्रि भएको जि.व.का. को तथ्याङबाट देखिन्छ । त्यस्तै सरकारद्धारा व्यवस्थित वन बाट भने न्यून मात्रामा वन पैदावारको संकलन तथा सदुपयोग भएको देखिन्छ जसबाट ३११७०.०१ क्यू.फि काठ र १४.२६ चट्टा दाउरा आपूर्ती भएको देखिन्छ । उक्त अवधिभर मकवानपुर जिल्लाको वन क्षेत्रबाट ५१७९३० क्यू.फि ढुङ्गा, १३३८८४४ क्यू.फि गिट्टी तथा ६२१०२५ क्यू.फि.वालुवा संकलन गरिएको छ । त्यस्तै विभिन्न प्रजातीका जडिबुटी जम्मा ८४०२५० के.जी. संकलन भएको छ ।

**तालिका-१: आ. व. ०६५/०६६ देखि ०६९/०७० सम्मको वन विकास कार्यकमको लक्ष्य तथा उपलब्धि**

| क.सं. | कार्यकम | ईकाइ | कुल | | प्रगती |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | |
| | जिल्ला वन कार्यालयवाट गर्ने कार्यहरु | | | | |
| १ | उपभोक्ता समूह गठन | गोटा | ३८ | २७ | ७१.०५ |
| २ | सामुदायिक वनको कार्ययोजना तयारी | गोटा | ४४ | ३३ | ७५ |
| ३ | सामुदायिक वनको कार्ययोजना पुनरावलोकन | गोटा | ६१ | ६१ | १०० |
| ४ | सामुदायिक वनको निरिक्षण तथा अनुगमन | गोटा | ११९० | १२८८ | १०८.२ |
| ५ | सामुदायिक वन व्यवस्थापन अभ्यास | गोटा | ३४ | ३० | ८८.२४ |
| ६ | रेकर्ड किपिङ तथा लेखा कोचिङ | गोटा | ५ | ५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | जिल्ला वन नर्सरी मर्मत | गोटा | ९ | ९ | १०० |
| १० | जडिवुटी विरुवा उत्पादन तथा वितरण | हजार | १७६ | १७६ | १०० |
| ११ | विरुवा उत्पादन | हजार | ८१५ | ८१५ | १०० |
| १२ | उपभोक्ता समूह मुल्याङकन तथा पुरस्कार | जिल्ला | ८ | ८ | १०० |
| १३ | समारोह( वातावरण दिवस, वन महोत्सव आदि) | पटक | २ | २ | १०० |
| १४ | सिपमुलक तालिमहरु | गोटा | १३९ | १३८ | ९९.२८ |
| १५ | नर्सरी निर्माण | गोटा | १ | १ | १०० |
| १६ | वन डढेलो नियन्त्रण ब्यवस्थापन | जिल्ला | ३ | ३ | १०० |
| १७ | फलफूल तथा जडिवुटी विरुवा खरीद तथा वितरण | समूह | ६७ | ६७ | १०० |
| १८ | एक जिल्ला एक नविन कार्यक्रम | जिल्ला | १ | १ | १०० |
| १९ | स्कुल वन कार्यक्रम | जिल्ला | २ | १ | ५० |
| २० | रिजेनेरेसन प्रोटेक्सन | हेक्टर | ३९ | ३५ | ८९.७४ |
| २१ | भवन तथा पोष्ट निर्माण | गोटा | ३ | ३ | १०० |
| २२ | अतिक्रमण हटाई सो क्षेत्रमा पुनस्थापना, वृक्षारोपण, व्यवस्थापन तथा संरक्षण | हेक्टर | ३० | ३० | १०० |
| २३ | वृक्षारोपण | हेक्टर | १४६ | १६१ | ११०.३ |
| २४ | कवुलियती वन सिमाना वृक्षारोपण( जेट्रोफा/अर्गेली/निगालो तथा अन्य) | कि.मि | ११३ | १०६.३ | ९४.११ |
| २५ | जिविकोपार्जन सुधार योजना कार्यान्वयन सहयोग (समुह अनुदान) | समुह | ७० | ७० | १०० |
| २६ | कुलियती वन कार्ययोजना नविकरण | गोटा | २२४ | २२४ | १०० |
| २७ | कबुलयती वन समुह गठन | गोटा | ११२ | ११२ | १०० |
| २८ | बाघको सम्भावित वासस्थान पहिचान भएको डिजिटल नक्सा समेतको विवरणलाई अध्यवधिक गर्ने | क्षेत्र | १ | १ | १०० |
| २९ | चोरी सिकारीको सम्भाव्य नाकाहरुको अनुसन्धान गरि डिजिटल वेसमा नक्सा अध्यावधिक गर्ने | गोटा | १ | १ | १०० |
| ३० | संदिग्ध व्यक्तिहरुको बिस्तृत डाटावेस (सम्भव भएमा फोटो समेत) अध्यवधिक गर्ने | गोटा | १ | १ | १०० |
| ३१ | सहभागीतामुलक वन संरक्षण तथा चोरीनिकासी नियन्त्रण तथा व्यवस्थापन | जिल्ला | ७ | ७ | १०० |
| ३२ | वन नोक्सानी सम्बन्धि मुद्धा अभियोजन, अनुसन्धान र मुद्धा दायरी | जिल्ला | १ | १ | १०० |

## कार्ययोजना कार्यन्वयनका सिकाईहरु

- निजी तथा सार्वजनिक पर्ती जग्गाहरुमा वृक्षारोपण गरेर वन क्षेत्र वढाउन सकिएमा जिल्लामा वन पैदावारको आपूर्ती सहज हुनुका सार्थ सरकारी वन क्षेत्रको हैसियतमा समेत सुधार ल्याउन सकिने ।
- वैकल्पिक उर्जा कार्यक्रम गोबरग्याँस र उन्नत चुल्हो वितरण जस्ता कार्यक्रमद्वारा वनक्षेत्रमा पर्ने चापलाई कमगर्न सकिने ।
- सामुदायिक वन व्यवस्थापन कार्यक्रम मार्फत उपभोक्ताहरुको दैनिक आवश्यकता परिपूर्तीमा सुधार आउनुको साथै वनको संरक्षणमा र वन अतिक्रमण समेतमा कमि आएको ।
- मकवानपुर जिल्लाको वनको संरक्षण तथा चोरी निकासी नियन्त्रण गर्न पर्सा वन्यजन्तु आरक्ष तथा चितवन राष्टिय निकुन्जको मध्यवर्ती क्षेत्रसँगको प्रभावकारी समन्वय हुनु जरुरी रहेको ।
- गरिवीको रेखा मुनीको कवुलियती वन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके वन अतिक्रमण नियन्त्रणमा सहयोग पुग्ने ।
- चुरे तथा अन्य क्षेत्रको संरक्षणमा एकिकृत कार्यक्रमको खाचो रहेको । मकवानपुर जिल्लामा अवस्थित वन तथा भू संरक्षण मन्त्रालय मातहतका अन्य निकायहरु विच कार्यक्रम संचालनको समयमा प्रभावकारी समन्वय गरी एकिकृत रुपमा कार्यक्रम संचालन हुनु पर्नेश्यकतालाई जिल्ला वन क्षेत्र समन्वय समितिले पूरा गरिरहेको ।
- चुरे तथा जिल्लाको पश्चिमी भेगमा खोरिया फडानी कार्य वढी भएको क्षेत्रमा जिल्ला वन कार्यालयको अतिरिक्त अन्य निकायहरुबाट पनि एकिकृत रुपमा कार्यक्त संचालन गर्नु पर्ने ।

## कार्ययोजना तयार गर्नको लागि अपनाइएको कार्यविधि

### क) ऐन नियमहरुको संक्षिप्त विश्लेषण

यो कार्य योजना तर्जुमाका लागि निम्न निति, ऐन, नियमहरु आकर्षित हुने भएको हुदा सो सम्बन्धि पक्षहरुको संक्षिप्त अध्ययन र विश्लेषण गरिएको छ ।

- वन विकास गुरुयोजना सन् १९८९
- परिमार्जित वन क्षेत्रको नीति सन् २०००
- दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan) सन् १९९५
- राष्ट्रिय कृषि नीति २००४
- कबुलियती वन नीति सन् २००२
- नेपाल जैविक विविधता रणनीति सन् २००२
- राष्ट्रिय सिमसार नीति २०६९
- तराइ भू परिधि नीतिगत योजना सन् २००४
- गैर काष्ठ वन पैदावार नीति सन् २००४
- अन्तरिम ३ वर्षीय योजना, सन् २००७
- जैविक विविधता रणनीति कार्यान्वयन योजना सन् २००६

- चुरे संरक्षण रणनीति ( Chure Conservation Strategy )सन२००८
- वन क्षेत्रमा लैगिक तथा समाजिक समावेशीकरण रणनीति वि.स.२०६४

**वनक्षेत्रको गुरु योजना सन् १९८९**

नेपालको वन सम्बन्धि नीतिहरुको अध्ययन गर्दा वि.सं.  सालमा २५ वर्षको लागि तयार गरिएको थियो । हाल यसको म्याद सकिएर नयाँ वनक्षेत्रको रणनिति निर्माण भैरहेको भएतापनि वन विकास गुरु योजना२०४६,नेपालको वन विकासका लागि मुख्य मार्गदर्शक नीतिका रुपमा स्थापित भएको छ । वन विकासका लागि यसले दीर्घकालिन तथा अल्पकालिन उद्देश्यहरु तय गरी ६ वटा मुख्य कार्यक्रम र त्यति नै संख्यामा टेवामूलक कार्यक्रमहरुको व्यवस्था गरेको छ ।

**दीर्घकालिन उद्देश्यहरुमा**

१.जनताको आधारभूत आवश्यकता काठ, दाउरा, डाँलेघाँस र अन्य वन पैदावार सहज रुपमा उपलब्ध गराउने

२. पारस्थितिकीय प्रणाली र वंशाणु श्रोतको संरक्षण

३. वन व्यवस्थापन, वन पैदावारमा आधारित उद्योगहरुको विकास गरी राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा योगदान गर्ने र रोजगारी तथा आय श्रोतको अवसर तयार गर्ने ।

**गुरुयोजनाले तय गरेका प्राथमिकता प्राप्त कार्यक्रमहरु**

१.सामुदायिक वन तथा निजी वन

२.राष्ट्रिय तथा कबुलियती वन

३.वन पैदावारमा आधारित उद्योग

४. लघु वन पैदावार विकास र व्यवस्थापन

५.भू-तथा जलाधार संरक्षण

६.पारिस्थितिकीय प्रणाली र वंशाणु श्रोतको संरक्षण

वन क्षेत्रको कार्यनीतिको रुपमा यसले गैह्रकाष्ठ वन पैदावार, सुगन्धित तेल तथा जडिवुटी संरक्षण र खेती विस्तार जस्ता कार्यलाई जोड दिई जैविक विविधता अभिलेखिकरणलाई समेत प्रमुख प्राथमिकता दिईएको पाईन्छ । तर यसले चुरे क्षेत्रका वन संरक्षणको बारेमा छुट्टै कार्यक्रम, नीति  र प्राथमिकता अख्तियार गरेको देखिदैन ।

**परिमार्जित वन क्षेत्रको नीति सन् २०००**

तराई, चुरे र भित्रीमधेसका वन विनाश र वातावरण संरक्षणका समस्याहरुसंग जुध्न २०५७ मा वनक्षेत्रको गुरुयोजनाकै परिमार्जित र संसोधित रुपमा वन क्षेत्रको नीति ल्याईयो । यसले तराई तथा भित्रीमधेसको चक्लावनहरुको व्यवस्थापन, वन पैदावारहरुको आपूर्ति, सामुदायिक वनहरुको हस्तान्तरणको प्रकृया र वन व्यवस्थापनमा जनसहभागिताका लागि लाभाँसको बाँडफाँडका बारेमा

नीतिगत व्यवस्था गर्नुको अतिरिक्त चुरीया क्षेत्रको वनको संरक्षण सम्वन्धमा निम्न दृष्टिकोणहरु अघि सारेको देखिन्छ ।

- चुरेक्षेत्र भौगोलिक रुपले कोमल (Fragile) भएकोले र उसले वर्षाको पानी सोषी तराईको Ground water recharge गर्ने भएकोले यसलाई संरक्षित वनको रुपमा व्यवस्थित गर्ने ।
- सदैव Ground cover रहने व्यवस्था मिलाउने ।
- चुरे क्षेत्रको संरक्षणको निमित्त जलाधार संरक्षण कार्यहरुलाई पनि एकिकृत रुपमा समावेस गरी अघि वढाउने ।

  चुरेको वन संरक्षणको उल्लेखित नीति कार्यन्वयनको लागि ऐन कानूनहरुमा आवस्यक संसोधनको लागि पनि यसले सिफारीस गरेको देखिन्छ । तर परिमार्जित वन नीति २०५७ले चुरे तथा सिवालिकको वन व्यवस्थापन सम्वन्धमा गर्नुपर्ने कानूनी परिमाार्जन हालसम्म हुन सकेको छैन ।

**दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan) सन् १९९५**

दिर्घकालीन कृषि योजनाले पहिचान गरेका Priority Output मा वन पनि प्राथमिकतामा परेको छ । यसले वन क्षेत्रका चार प्राथमिक कार्यक्रमहरु पहिचान गरेको छ ।

- पहाडी क्षेत्रमा सामुदायिक वन
- तराईमा निजी र कवुलियती सहितको व्यवसायिक वन व्यवस्थापन
- निजी र कवुलियाती वनलाई प्रवर्धन
- वन अनुसन्धान र विकास

चुरे तथा सिवालिकमा वन संरक्षण र व्यवस्थापनको कुरा गर्दा दिर्घकालीन कृषि योजनाले मानव वस्ती छेउका वनलाई कम तिव्रताको वन व्यवस्थापन (Low Intensity Management) र वस्ती टाढाका वनको हकमा पूर्ण संरक्षणको सिफारीस गरेको छ ।

**राष्ट्रिय कृषि नीति २००४**

चुरे संरक्षणको सन्दर्भमा राष्ट्रिय कृषि नीति २००४ले चुरेमा भएको वस्ती र खेती पद्दती भू-क्षमताको प्रतिकूल भएको उल्लेख गरेको छ । भ-ूउपयोग सिद्धान्तको दृष्टिकोणले चुरे क्षेत्रको वर्तमान भू-उपयोग दिगो र उपयुक्त नभएको भन्ने उल्लेख हुनु चुरे संरक्षणको लागि सहयोगी देखिएतापनि यसले चुरेक्षेत्रमा भएको ठूलो जनसंख्या र वस्तीहरुलाई उपेक्षा गरेको देखिन्छ ।

**चुरे संरक्षण रणनीति ( ChureConservation Strategy ) सन २००८**

जैविक तथा प्राकृतिक दृष्टिले अति महत्वपूर्ण तर भू-वनोटका हिसाबले अत्यन्तै कमजोर तथा भू-क्षयका हिसाबले अत्यन्तै संबेदनशील चुरे पर्वत श्रृंखलालाई वढ्दो अतिक्रमण, अनियन्त्रित चरिचरण, वनडढेलो र प्राकृतिक श्रोतको अत्यधिक दोहन जस्ता समस्याहरुको कारण सृजित वातावरणीय विनाशबाट जोगाउन तत्काल केही गर्नुपर्ने आवश्यकतालाई महसुस गरी वन तथा भू-संरक्षण मन्त्रालयको नेतृत्व र धेरै सहयोगी र सरोकारवालाहरुको सहभागितामा चुरे क्षेत्र कार्यक्रम रणनीति तयार भएको हो, यद्यपी नेपाल सरकारले यो रणनीतिलाई स्वीकृत गरेको भने छैन । यस रणनीतिले चुरेक्षेत्रको एकिकृत संरक्षणको लक्ष्य “सरोकारवालाहरुको योगदानको लागि उपयुक्त वातावरण श्रृजना

गरी चुरेमा आश्रीत जनताको जीविकोपार्जनमा सुधार ल्याई चुरेको दीर्घकालीन संरक्षण गर्नु हो” भन्ने प्रष्ट पारेको छ । चुरे संरक्षण रणनीतिले Equitable benifit sharing mechanismमा आधारित स्थानीय जनताद्वारा गरिने संरक्षणका विभिन्न १९वटा रणनीतिहरुको उल्लेख गरेको छ जसलाई संक्षिप्तमा निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- संरक्षणको लागि सवै सरोकारवालाहरुलाई उपयुक्त वातावरण श्रृजना गर्नु (Creating an enabling environment)
- चुरेको संरक्षणको लागि सामाजिक वातावरण तयार गर्नु (Improving social conditions for sustainable development)
- संरक्षण र जीविकोपार्जनको लागि प्रोत्साहनको व्यवस्था (Incentive mechanisms for conservation and livelihoods)
- Promoting ecosystem resilience

**जडिवुटी तथा गैह्र काष्ठ वन पैदावार विकास नीति २०६१**

जडिवुटी तथा गैह्र काष्ठ वन पैदावार विकास नीति २०६१ ले उच्च मूल्यका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको संरक्षण र सम्वर्धनबाट अर्थव्यवस्थामा ठोस योगदान पुर्‍याई आगामी सन् २०२० सम्म अन्तराष्ट्रिय जगतमा नेपाललाई जडिबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको वृहत भण्डारको रुपमा परिचित तुल्याउने दीर्घकालीन सोच राखेको छ ।

**जैविक विविधता सम्बन्धी रणनीति २०६०**

दीर्घकालिन रुपमा न्यायोचित उपयोग मार्फत स्थानीय जनताको हितका लागि देशको जैविक सम्पदाको संरक्षण गर्ने रणनीतिका साथ जैविक विविधता सम्बन्धी रणनीति २०५० जारी गरिएको छ ।

**राष्ट्रिय सिमसार नीति, २०६९**

यो नीतिले विभिन्न किसिमका सिमसार क्षेत्रहरुको वर्गिकरण गरेको छ । जस अनुसार जिल्लामा पनि सिमसार क्षेत्रहरुको पहिचान गरि संरक्षण एवं सदुपयोग योजनाहरु तयार गर्नु पर्ने प्रावधान रहेको छ । यसको व्यवस्थापनको लागि जिल्ला वन क्षेत्र समन्वय समितिमा केही सदस्यहरु थप गरिएको छ । विशेष गरी सिमसार क्षेत्रलाइ जिविकोपार्जन र जैविक विविधताको लागि उपयोग गर्नु पर्ने अवधारणा अनुसार नीति तयार गरिएको छ ।

**नेपालको अन्तरिम संविधान २०६३ मा वन क्षेत्र सम्बन्धिव्यवस्थाहरु**

नेपालको अन्तरिम संविधान २०६३ मा वन राज्यका नीतिहरुमा वन क्षेत्र सम्बन्धिनिम्न प्रावधानहरु राखिएका छन् जुन वनसंग सम्बन्धित कुनैपति योजना वनाउनमा ध्यान दिनु जरुरी देखिन्छ ।
धारा ३५ मा राज्यका नीतिहरु : उपधारा (५) मा राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधाराणमा वातावरणीय स्वच्छताको चेतना वढाइ भौतिक विकास सम्बन्धि क्रियाकलापहरुद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ । वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक वाँडफाँडको व्यवस्था गर्ने छ ।

**वन क्षेत्रको ऐन र नियमावलीहरुको पुनरावलोकन**

हाल नेपालमा वन क्षेत्रसंग सम्बन्धित विभिन्न ऐन, नियमावली, मार्गदर्शन, दिग्दर्शन र निर्देशिकाहरु रहेका छन् । तिनै ऐन नियम अन्तरगत रही वन क्षेत्रका कार्यहरु संचालन हुने गरेको छ । चुरेक्षेत्रको वन व्यवस्थापन र संरक्षणका योजना निर्माण र कार्यन्वयन प्रक्रियाको सन्दर्भमा पनि यिनै ऐन नियमहरु

आकर्षित हुन्छन । कतिपय ऐन र नियमावलीहरुमा परिमार्जन तथा थप कानूनी व्यवस्थाहरु गर्नुपर्नेहुन्छ । चुरे संरक्षणसंग सान्दर्भिक निम्न ऐन र नियमावलीहरुको पुनरवलोकन गरिएको छ ।

- वन ऐन २०४९ तथा वन नियमावली २०५१
- भू तथा जलाधार संरक्षण ऐन २०३९
- राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९
- राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३०, चितवन राष्ट्रिय निकुन्ज नियमावली २०३०, वन्यजन्तु आरक्ष नियमावली २०३४
- मध्यवर्ती क्षेत्र नियमावली २०५२ र मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६
- स्थानीय स्वायत शासन ऐन २०५५ र स्थानीय स्वायत शासन नियमावली २०५६
- वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४
- सामुदायिक वन मार्गदर्शन २०५८
- जिल्ला वन समन्वय समिति निर्देशिका २०६२

वन ऐन २०४९ र राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा भएको प्रावधानहरुलाई नियमावली, मार्गदर्शन र निर्देशिकाहरु बनाई कार्यान्वयनमा ल्याएको छ । तिनको व्यवाहारिकता र प्रभाकारिता पुनरावलोकन गर्नु पर्ने भएको छ । चुरेक्षेत्रको संरक्षण र वन व्यवस्थापन योजनाको लागि **राष्ट्रपति चुरे संरक्षण कार्यक्रम**ले हरीत AAC हटाई सिमित उपयोग र पूर्ण संरक्षणमा जोड गर्दछ । तर विद्यमान वन ऐन तथा नियमावलीको प्रावधान अनुसार चुरे क्षेत्रको सामुदायिक वनको कार्ययोजनामा यस्ता व्यवस्थाबारे कुनै कानूनी प्रावधान छैन । परिमार्जित वन नीति २०५७ ले चुरे तथा सिवालिकको वन व्यवस्थापन सम्वन्धमा गर्नुपर्ने कानूनी परिमार्जन पनि हालसम्म हुन सकेको छैन ।

**ख) जिल्लाको वन क्षेत्र संग सम्वन्धित अन्य कार्ययोजनाहरुको समिक्षा**

**जिल्ला वन डढेलो योजना (Forest Fire Management Plan ) सन २००८**

वन डढेलोलाई वनको क्षयीकरण र विनाशको एक प्रमुख कारकको रुपमा लिईन्छ । एक अध्ययन (सर्मा १९९६) अनुसार तराई तथा भित्री मधेशका वनहरुमा वर्षमा तीन पटक आगो लाग्ने गर्दछ । मकवानपुर जिल्ला पनि वन डढेलोको दृष्टिकोणले एक संवेदनशील जिल्ला भएकोले २००८ मा जिल्लाको वनडढेलो व्यवस्थापन कार्ययोजना तयार गरिएको थियो । यसमा जिल्लाको चुरे तथा सिवालिकलाई वन डढेलोको अति संवेदनशिल क्षेत्रको रुपमा लिईएको छ । यो योजनाले जिल्लाको वनडढेलोको संवेदनशिलताको हिसावबाट जिल्लालाई वर्गिकरण गरी डढेलो व्यवस्थापनको पाचवर्षिय योजना वनाएको भएतापनि श्रोतको अभावबाट कार्ययोजना पूर्ण कार्यन्वयन हुन सकिरहेको छैन ।

**जिल्ला जलवायू तथा उर्जा योजना (District Climate and Energy Plan ) २०११**

जिल्ला विकास समितिको कार्यलय मकवानपुरले जिल्लाको जलवायु तथा उर्जा योजना तयार गरेको छ । जलवायु परिवर्तनलाई सकरात्मक योगदान पुऱ्याउन तथा जिल्लामा उर्जाको श्रोतको रुपमा वन माथिको निर्भरता घटाउन वैकल्पिक तथा नविकरणीय उर्जाको प्रविधिलाई प्रवर्धन गर्ने उद्देस्यका साथ

यो योजना बनाईको छ ।जिल्लाको वन संरक्षण तथा व्यवस्थापनको सन्दर्भमा वैकल्पिक तथा नविकरणीय उर्जाका विकासको लागि यसले सिफारीस गरेका कार्यक्रमहरु सान्दर्भिक हुने देखिन्छन ।

**जिल्ला वन क्षेत्र योजना (District Forest Sector Plan )**

जिल्लाको सम्पूर्ण वन क्षेत्र (वन, भू तथा जलाधार, वनस्पति, जडीवुटी, र संरक्षित क्षेत्र) समेटने गरी समग्र, दूरगामी रणनीतिक योजनाको आवस्यकतालाई परिपूर्ति गर्न सन् २००८ मा तराई सिवालिकका लागि जैविक विविधता कार्यक्रमकको सहयोगमा जिल्ला वन समन्वय समितिबाट "वन क्षेत्रको बीस वर्षिय योजना तयार गरिएको थियो । यस रणनीतिक योजनाको मुख्य उद्देश्य जिल्लामा वन क्षेत्रका कार्यालयहरुको कार्यक्रमहरुको कार्यान्वयन सहित आवधिक/वार्षिक/क्षेत्रगत योजना तयार गर्न मार्गनिर्देश गर्नु हो ।

**"सुरक्षित, सम्वृद्ध, वन पैदावारमा आत्मनिर्भर, जैविक विविधताले भरिपूर्ण, हराभरा मकवानपुर जिल्ला हुनेछ**" भन्ने दूरदृष्टी राखेको यो योजनाले वन क्षेत्रको दिगो व्यवस्थापन मार्फत सामाजिक, आर्थिक, वातावरणीय तथा संस्थागत पक्षमा सुधार ल्याई जिल्लावासीको जीवनस्तर उत्थान गर्ने लक्ष्य राखेको देखिन्छ ।

**वन क्षेत्र योजनाको उद्देश्य**

- चुरे तथा सिवालिक वन क्षेत्र र कुलेखानी जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनद्वारा यी संवेदनशिल क्षेत्रलाई सुरक्षित वनाउने ।
- जनताको निर्णय प्रक्रियामा सक्रिय सहभागिताद्वारा वन क्षेत्रमा पहुच र वन पैदावारमा न्यायोचित वितरणको व्यवस्थाबाट वन पैदावारको आपूर्ति गर्ने ।
- वन पैदावारमा आधारित लघु उद्यम विकासबाट गरीब जनताको आर्थिक अवस्था र जीवन यापनमा सुधार ल्याउने ।
- जैविक विविधताले भरिपूर्ण तर जोखिम भएको क्षेत्रलाई पहिचान गरी जैविक विविधताको संरक्षणमा जोड दिने ।
- वनक्षेत्रको दिगो वन व्यवस्थापन गर्ने ।
- वन क्षेत्रमा निजी क्षेत्रको सहभागिता वढाउने ।
- वैकल्पिक उर्जाको विकासमा सहयोग दिई वन क्षेत्रमा चाप घटाउने ।
- वन क्षेत्रमा सुसासन कायम गर्ने र संस्थागत विकास गर्ने ।
- वन क्षेत्रको विकासको लागि विभिन्न निकायहरु बीच प्रभावकारी समन्वय कायम गर्ने ।
- वन विकासमा निजी क्षेत्रलाई वढावा दिने ।
- वन क्षेत्रमा चरिचरन व्यवस्थित गर्ने र सरोकारवालाहरुको सहभागितामा घांस विकासमा जोड दिने ।
- वन डढेलो नियन्यत्रणमा विशेष व्यवस्था गर्ने ।

**वन क्षेत्र योजनाको प्राथमिकता**

- संवेदनशील चुरे तथा सिवालिक र कुलेखानी जलाधार क्षेत्रको संरक्षण
- जैविक विविधताको धनी क्षेत्रको संरक्षण,

- चेपाङ्ग लगायत अन्य आदिवासी जनजाती, दलित, गरीब, महिलाहरुको वन विकास कार्यक्रम मार्फत जीविकोपार्जनमा सहयोग
- स्थानीय जनताको वन पैदावारको आवश्यकताको परिपूर्ति
- वन पैदावारमा आधारित उद्यमको प्रवर्द्धन, र
- पर्यापर्यटनको विकास

**जिल्लाको वन क्षेत्र योजनाको साझा रणनीति**

- पहुच भएको वन क्षेत्रलाई सहभागितामूलक वन व्यवस्थापन गर्ने ।
- वहुआयामिक वा धरातलीय र वहुतलीय वन व्यवस्थापन गर्ने अति संवेदनशील क्षेत्रहरुमा भूइ सतह वा रुख मुनी वनस्पति कायम राख्ने ।
- सामुदायिक र कबुलियती वन क्षेत्रमा वहु उत्पादनलाई वढावा दिने ।
- वृक्षारोपणमा मिश्रित र वहुउदेशीय प्रजातिलाई वढावा दिने ।
- परति/खाली जग्गामा वृक्षारोपण गरी हराभरा वनाउने । पर्ति खाली क्षेत्र नराख्ने ।
- समुदाय स्तरमा एकिकृत योजना बनाई कार्यक्रम संचालन गर्ने ।
- योजनावद्ध रुपले भूसंरक्षण सम्बन्धिकार्य गर्ने ।
- सवै किसिमको वन क्षेत्रका समूह, संजाल र सवै सरोकारवालाहरुमा समेत लैगिक समानता, समाजिक समावेशीकरण, सुशासन प्रभावकारी रुपमा व्यवहारमा लागू गर्ने ।
- वन क्षेत्र सम्बन्धिकार्यक्रमबाट गरीवको लागि रोजगरी श्रृजना गरी गरीबी न्यूनीकरणमा प्रत्यक्ष टेवा पुऱ्याउने ।

**चुरीया सिवालिक क्षेत्रको रणनीति**

- चुरे तथा सिवालिक क्षेत्र भ-क्षयको दृष्टिकोणबाट अति संवेदनशील क्षेत्र भएकाले सोको संरक्षण सम्वर्द्धनको लागि आवश्यक निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा लैजान जिल्ला विकास समितिले पहल गर्ने ।
- चुरे तथा सिवालिक क्षेत्रको संवेदनशीलता बारे जनतामा जनचेतना जगाउने ।
- चुरे तथा सिवालिक क्षेत्रको संरक्षणको लागि एक छुट्टै योजना तयार गरी लागू गर्ने गराउने ।
- चुरे तथा सिवालिक क्षेत्र ढुगाा गिट्टी, बालुवा खानी संचालनलाईवातावरणमा नकारात्मक प्रभाव नहुने गरी व्यवस्थित गर्ने ।
- चुरे तथा सिवालिक क्षेत्रमा चरिचरन व्यवस्थित गर्ने ।
- चुरे तथा सिवालिक क्षेत्रमा संरक्षण पोखरीहरु बनाई तुरुन्त वग्ने वर्षाको भेललाईन्यनीकरण गर्ने ।
- चुरेको वन क्षेत्रबाट व्यवसायिक रुपमा हुने रुख कटान र निकासीलाईकेही समयको लागि प्रतिवन्ध लगाउने ।
- स्थानीय समुदायलाईपरिचालन गरेर खाली जग्गामा वृक्षारोपण गर्ने र प्राकृतिक पुनरोत्थानलाईप्रोत्साहन दिने ।

**जैविक विविधता संरक्षण सम्बन्धिरणनीति**

- सवै किसिमका वन (सा.व., क.व.)मा जैविक विविधता प्रोत्साहन हुने खालका व्यवस्थापकीय पद्धतिलाई बढवा दिने
- जैविक विविधताको अध्ययन र अभिलेख अध्यावधिक गर्ने ।
- खतरामा परेका प्रजातिको पहिचान गरी सोको संरक्षणको लागि विशेष व्यवस्था अपनाउने । जस्तै चुरे तथा सिवालिक क्षेत्रमा रहेको साइकस प्रजातिको संरक्षण ।
- वनस्पति उधान (Botantical garden) र नर्सरी र अन्य क्षेत्रमा वंशानु (जीन) संरक्षण गर्ने नीति अख्तियार गर्ने ।

**वन पैदावारमा क्षेत्रमा आधारित जीविकोपार्जन क्षेत्रको रणनीति**

- लक्षित समूह पहिचान गरी उनीहरुको जीविकोपार्जनका लागि सहयोग पुग्ने गरी उनीहरुको आवश्यकता पहिचान गरी लचकदार नीति अपनाउने ।
- सरल र सुलभ रुपमा उपलव्ध र प्रयोग हुन सक्ने स्थानीय श्रोत, साधन र प्रविधि परिचालन गरी लक्षित समूहहरु कै अगुवाइमा कार्यक्रम संचालन गर्ने ।
- वन क्षेत्रमा वहुतलीय, वहु उत्पादन (छोटो अवधिको उत्पादन समेत हुने गरी) र वहुवर्षीय वालीमा जोड दिने ।
- आम्दानीको श्रोतको विविधीकरणमा जोड दिने ।
- उत्पादन भएको वस्तुको बजार सम्म जोडने ।

**गैर काष्ठ वन पैदावार सम्बन्धिरणनीति**

- व्यवसायिक हुने प्रजातिहरुको खेती विस्तार गर्ने ।
- वन पैदावारमा आधारित लघु उद्यमलाई वढावा दिने ।
- पैदावार संकलन गर्दा दिगो विकासमा जोड दिने, जस्तै पावन, काउलोको वोका
- गैर काष्ठ वन पैदावारको योजना बनाई लागू गर्ने ।

**जिल्ला भू-संरक्षण गुरुयोजना**

जिल्लाको भूसंरक्षण सम्बन्धि एक दिर्घकालिन, बृहत स्वरुप र रणनीतिक उद्धेश्य समेटेको दस्तावेज तयार गर्नुपर्ने आवश्यकता महसुस गरी जिल्ला विकास समितिको कार्यलयले जिल्लाको भू-संरक्षण गुरुयोजना तयार गरेको छ । यस गुरुयोजनामा मुख्य गरेर भू-उपयोग, भू-प्रणाली, भौगोलिक अवस्था, प्राकृतिक प्रकोपहरुको मात्रा तथा क्षति, स्रोतहरुको वर्तमान अवस्था आदि जस्ता स्थानीय स्रोतहरुको अवस्था र परिमाणको विश्लेषणको आधारमा २० वर्षको लागि भू-संरक्षण तथा जलाधार व्यवस्थापनको प्रस्तावित कार्यक्रम प्रस्तावित गरेको छ । गुरुयोजनाले मकवानपुर जिल्लालाई चारवटा मुख्य जलाधार तथा ८४ वटा उपजलाधार क्षेत्रमा विभाजन गरेको छ ।

**मकवानपुर जिल्लाको दोस्रो आवधिक योजना** (२०६६/६७ – २०७०/७१)

दोस्रो आवधिक योजनाले परिकल्पना गरेको नारा “सचेत, स्वस्थ, सृजनशील, समुन्नत, सुन्दर मकवानपुर” हो । यो नारा २०५८ सालमा पहिलो आवधिक योजना तयार गर्दाको बेलैमा स्थापित गरिएको थियो । यस परिकल्पनालाई साकार पार्नको लागि मकवानपुर जिल्लाको वनक्षेत्रको हकमा सरकारद्वारा व्यवस्थित तथा जन सहभागितामा आधारित वनको संरक्षण, व्यवस्थापन र प्रवर्धन गर्दै वनलाई जीविकोपार्जनको माद्यमको रुपमा विकास गर्ने र सशक्तिकरणका माद्यमबाट प्राकृतिक स्रोतको

वाँडफाँडमा सामुदायिक अधिकार सुनिश्चित गर्ने उद्देस्य राखेको आवधिक योजनाले सोको लागि निम्न कार्यगत रणनीतिहरु प्रस्ताव गरिएको देखिन्छ ।

**कार्यगत रणनीति**

- सामुदायिक, कबुलियती वनक्षेत्रमा वहुउत्पादनमा वढावा दिने ।
- पर्ति, खाली र निजी जग्गामा मिश्रीत प्रजातिका बिरुवाको वृक्षारोपण गर्ने ।
- काष्ठ तथा गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्यम विकास गरी रोजगारी श्रृजना गर्ने ।
- दुर्लम तथा लोपोन्मुख वनस्पतिहरुको वँसाणु संरक्षणमा वढावा दिने ।

खुला चरिचरणलाई निरुत्साहीत गर्दै वधुवा पशुपालनमा जोड दिने ।

**कार्य विधि**

यो कार्य योजना तयार गर्नाका लागि आवश्यक तथ्याङ्क, सूचना तथा जानकारीहरु विभिन्न विधि र स्रोतबाट संकलन गरिएको छ । कार्ययोजना तयारीको क्रममा निम्न विधिहरु अपनाइएका छन :

**१) सन्दर्भ सामग्रीहरुको अध्ययन :**

कार्ययोजनाको तैयारीको लागी आवस्यक नितीगत कानूनी जस्ता दोस्रो चरणका जानकारीहरु विभिन्न किसिमका सन्दर्भ ग्रन्थहरु, कार्यालयका अभिलेखहरु, नक्साहरु, पुरानो वन सदुपयोग कार्य योजना, जिल्लाको प्रस्तावित वन क्षेत्रको बीस बर्षे रणनीतिक योजना, अनुसन्धानात्मक लेख रचनाबाट प्राप्त भएको थियो । वन अनुसन्धान तथा सर्भेक्षण विभागवाट निकालिएको वनश्रोत सम्वन्धित सर्न्दभ सामाग्रीहरुको अध्ययन गरिएको थियो ।

**२) स्थलगत अध्ययन :**

यो कार्ययोजना तयार गर्नका लागि आवश्यक प्रथम चरणका तथ्याक र जानकारी को लागी फिल्डको स्थलगत अध्ययनबाट प्राप्त गरिएको थियो । यस्ता तथ्याक र जानकारीहरु अन्तरगत वन क्षेत्रको भौतिक, जैविक वातावरणमा आधारित तथ्याङ्कहरु वन क्षेत्रको स्थलगत अवलोकन, वन पैदावारको स्रोत सर्बेक्षण, वाट संकलन गरिएको थियो । जसमा वनको वृद्दी मौज्दातको लागी Growing stockआकलन गर्न सामुदायिक वनका कार्ययोजनाहरुमा उल्लेखित वृद्दी मौज्दातलाइ **वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६०** अनुसार क्रस चेक गरिएको छ भने गैरकाष्ठ वन पैदवारको Growing stockआकलनमा गैरकाष्ठ वन पैदावार मुख्य **गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६९** अनुसार गरिएको छ ।

राष्ट्रिय वनको Growing stockआकलन गर्न **वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६०** वमोजिम स्रोत सर्वेक्षण तथा विश्लेशण गरिएको थियो ।

**३) व्यक्तिगत भेटघाट, अन्तक्रिया र प्रश्नावली :**

कार्ययोजनाको लागी आवस्यक पर्ने वन पैदावारको माग आपूर्ती, वन पैदावार को उपलव्धता,गैरकाष्ठ वन पैदावारको उपलव्धता र उपयोग, वनपैदावार तथा वन्यजन्तुको चोरी निकाशी जस्ता तथ्याक र जानाकारीहरुको लागी सम्वन्धित सरोकारवालाहरु (सामुदायीक वनका उपभोक्ता र पदाधिकारी,फिल्ड स्तरका वन कार्यालमा कार्यरत वन कर्मचारी, वनपैदावारको विक्रि वितरण र प्रसोधनमा संलग्न

व्यक्तिहरुसंग प्रत्यक्ष भेटघाट गरी अन्तक्रिया, छलफल र प्रश्नावलीवात जानाकारी संकलन गरिएको थियो ।

**४) जिल्ला वन क्षेत्र समन्वय समिति ( वहुसरोकारवाल मञ्च ) मा भएको प्रस्तुती र पृष्ठपोषणलाई समावेश :**

उल्लेखित अघिल्ला तीनविधिहरु अपनाई तयार गरिएको मस्यौदा कार्ययोजनालाई विभिन्न सरोकारवालाहरुको राय, सुझाव, चासो र प्रतिक्रियाहरु तथा पृष्ठपोषणको आधारमा थप परिमार्जन र परिष्कृत गरिएको थियो ।

**घ) सिमितता**

यो योजनाको कार्य क्षेत्रमा १ नगरपालिका र ४३ गाँउ विकास समितिहरु मध्ये पदमपोखरी र हाँडिखोला गा.वि.स.को पुरै तथा चुरियामाई र मनहरी गा.वि.स. को केहि क्षेत्र बाहेकका अरु सबै क्षेत्र पर्दछन् । अध्ययनको क्रममा समय र बजेटको अभावमा सबै गा.वि.स. क्षेत्रहरुमा पाईने वन पैदावार, जीवजन्तु, पंक्षी तथा  किटपतङ्गहरु लयायतका स्रोतहरुको अनुगमन तथा सर्बेक्षण गर्न नसकिएता पनि मौजुदा जिल्लाको वन संगठन अन्तरगत ३ सेक्टर कार्यलय क्षेत्रबाट स्याम्पलिङ्ग गरी स्थलगत अध्ययनको कार्य गरिएको थियो । यस बाहेक कार्यालयमा भएका अभिलेख, पुरानो कार्य योजना र जिल्लाको प्रस्तावित वन क्षेत्रको बीस बर्षे रणनितिक योजनामा भएका तथ्याङ्कहरुलाई दोस्रो चरणका जानकारीको मुख्य स्रोतको रुपमा प्रयोग गरिएको थियो ।